# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

**केन्द्रिय कार्यालय, Central Office**

हरिहर भवन, पुल्चोक, ललितपुर, **HariharBhawan, Pulchowk, Lalitpur, Nepal**


प.सं.
च. नं.

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० साउन २८ गते

# आयोगको सिफारिस र ध्यानाकर्षणप्रति सरकारको निर्णय स्वागतयोग्य

कृष्णप्रसाद अधिकारीको हत्यासम्बन्धी प्राप्त उजुरीमाथि अनुसन्धान गरी राष्ट्रिय मानव अधिकार आयोगले २०६५।१२।२३ मा गरेको निर्णयबमोजिमको सिफारिस कार्यान्वयन गर्न गृह मन्त्रालयलाई २०७०।०४।२८ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले गरेको निर्देशनलाई आयोग हार्दिक स्वागत गर्दछ । यस निर्देशनलाई तत्काल कार्यान्वयन गर्न पनि सम्बन्धित निकायसँग आग्रह गर्दछ।

पीडित परिवारजन र सरोकारवालाहरुलाई आश्वस्त तुल्याई कारबाही प्रक्रिया अघि बढाउन र हाल आमरण अनसनमा रहनुभएका मृतकका मातापिताको जीवनरक्षाका लागि पहल गर्नसमेत आयोग नेपाल सरकारसँग आह्वान गर्दछ। यसका साथै, मृतकका परिवारजन र सरोकारवालाहरुलाई यस प्रक्रियामा सहयोग पुऱ्याउनु हुन पनि आयोग आग्रह गर्दछ।

कृष्णप्रसाद अधिकारीको हत्यासम्बन्धी अनुसन्धान प्रक्रिया अघि बढाउन आयोगले २०७०।०४।२८ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई पत्राचार गरी स्मरण गराएको थियो ।

(वेदप्रसाद भट्टराई)
कामु सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

**Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,**

**Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org**